राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० चैत १४ गते

आयोगद्वारा सरकारलाई पत्राचार

# दण्डहीनतालाई प्रोत्साहित नगर

नेपाल सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोगको विधेयक मस्यौदासम्बन्धी विशेषज्ञ कार्यदलमा सशस्त्र द्वन्द्वकालीन समयमा मानव अधिकार उल्लङ्घनको आरोप लागेका पूर्वप्रहरी उपरीक्षक चुडाबहादुर श्रेष्ठलाई समेत सहभागी गरेकोमा आपत्ति जनाउँदै राष्ट्रिय मानव अधिकार आयोगले शान्ति तथा पुन: निर्माण मन्त्रालय एवम् प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई शुक्रबार पत्राचार गरेको छ ।

आयोगले लेखेको पत्रमा भनिएको छ, 'मानव अधिकार उल्लङ्घनमा संलग्न व्यक्ति भनी आयोगबाट कारबाहीको लागि सिफारिस भएको व्यक्तिलाई सोही विषयसँग प्रत्यक्ष रूपले सम्बन्धित कानुन मस्यौदा गर्ने प्रयोजनको लागि बनाइएको विशेषज्ञ कार्यदलमा सहभागी गराएको भन्ने सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।'

बलपूर्वक बेपत्ता पार्नेजस्तो गम्भीर मानव अधिकार उल्लङ्घनको विषयमा संलग्न भएको भनी कारवाहीको लागि सिफारिस भएको व्यक्तिलाई के कारण कार्यदलमा राखिएकोबारे पत्र प्राप्त भएको मितिले तीन दिनभित्र आयोगमा जानकारी उपलब्ध गराउन शान्ति तथा पुन: निर्माण मन्त्रालय एवम् प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई पठाइएको पत्रमा उल्लिखित छ ।

तत्कालीन प्रहरी उपरीक्षक चुडाबहादुर श्रेष्ठलाई २०६० साल असोज २१ गते जनकपुर नगरपालिका वडा नं. ४ विश्वकर्मा चोकबाट पाँचजना व्यक्तिलाई पक्राउ गरी बेपत्ता गरेको आरोप लागेको थियो । आयोग यससम्बन्धमा अनुसन्धानपछि आवश्यक कारबाहीका लागि २०६४ साल माघ १५ गते नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org